
# लेखापरीक्षण प्रतिवेदन

# तानसेन नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तानसेन नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/643

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

पाल्पा।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण(म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१९ करोड ८४ लाख ८२ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रू.६९ लाख ७० हजार समेत रू.२० करोड ५४ लाख ५२ हजार समाबेश गरेको छैन।

२. नगरपालिकाको रु.२ अर्ब १६ करोड ५८ लाख ९७ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ९५ लाख ८८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाले तोकिएबमोजिम फस्र्यौट गरी सम्परीक्षणका लागि पेश गरेको छैन।बाँकी बेरुजु रु. ४ करोड ९५ लाख ८८ हजार मध्ये असुल गर्नुपर्ने रु. १ करोड १३ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. १ करोड २९ लाख १ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८८ लाख ३८ हजारर पेस्की बाँकी रु. ६४ लाख ९८ हजार रहेको छ। गत वर्षसम्म रु.४४

करोड २६ लाख ३७ हजारबेरुजू बाँकी रहेकोमा यस बर्ष १ हजार सम्परीक्षण भइ हालसम्मको अध्यावधिक बेरुजु रु.४९ करोड २२ लाख २४ हजार बेरुजु बाँकी रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।एकिकृत बित्तिय बिबरण तयार गर्ने तानसेन नगरपालिकासँग हामी स्वतन्त्र छौ। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरूद राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

तानसेन नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तानसेन नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ५३ | ४,९५,८७,७७५ | ० | ० | ० | ० | ४६ | ५३ | ४,९५,८७,७७५ | १,१३,५१,०६४ | १,८८,३७,९३२ | १,२९,०१,०३५ | ० | ० | ३,१७,३८,९६७ | ६४,९७,७४४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | ४४,२६,३७,००० | ० | ७२६ | ४४,२६,३६,२७४ | ० | ४,९५,८७,७७५ | ४९,२२,२४,०४९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ५३ | कम कट्टि | ७२६ |
| जम्मा | | | | ७२६ |

# (८०५५०४०१३०० - तानसेन नगरपालिका, पाल्पा )

# तानसेन नगरपालिका , पाल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १४ वडा, १०९.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५०,४०५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।४ देखि २०८१ ।८।८ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय व्ययतर्फ रु.२ अर्ब १६ करोड ५८ लाख ९७ हजारको लेखापरीक्षण गरिएको छ । सो सम्बन्धि विस्तृत विवरण अनुसुची १ मा संलग्न छ । पालिकाको सुत्र प्रणाली को अनुसूची २७० (१) को विवरण अनुसार प्राप्त भुक्तानी विवरण निम्न छ।

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालुआ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १६,३२,४०,०७५.०८ | १६,३२,४०,०७५.०८ | १४,७९,७३,०९९.५२ | १४,७९,७३,०९९.५२ |
| १३००० | अनुदान | ६७,११,९५,६४२.६३ | ६७,११,९५,६४२.६३ | ६४,६४,९०,५०३.९० | ६४,६४,९०,५०३.९० |
| १४००० | अन्यराजस्व | ४,८४,६५,८८६.८२ | ४,८४,६५,८८६.८२ | २,९७,९३,११३.२७ | २,९७,९३,११३.२७ |
| क | **कुलजम्मा प्राप्ति** | ८८,२९,०१,६०४.५३ | ८८,२९,०१,६०४.५३ | ८२,४२,५६,७१६.६९ | ८२,४२,५६,७१६.६९ |
| ३ | चालु | ५४,६४,३५,३१९.९६ | ५४,६४,३५,३१९.९६ | ५४,६४,११,७६४.६७ | ५४,६४,११,७६४.६७ |
| २१००० | पारिश्रमिक / सुविधा | १७,५५,३०,४२९.४० | १७,५५,३०,४२९.४० | ३५,८६,१७,६३९.६७ | ३५,८६,१७,६३९.६७ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ३६,८३,०५,८५७.०१ | ३६,८३,०५,८५७.०१ | १८,५२,३७,९३५.०० | १८,५२,३७,९३५.०० |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ७,२१,९२१.०० | ७,२१,९२१.०० | ० | ० |
| २५००० | सहायता (Subsidy) | १४,६४,७९३.०० | १४,६४,७९३.०० | ० | ० |
| २६००० | अनुदान | १,६२,३१९.५५ | १,६२,३१९.५५ | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ० | ० | २२,२९,४४०.०० | २२,२९,४४०.०० |
| २८००० | अन्यखर्च | २,५०,०००.०० | २,५०,०००.०० | ३,२६,७५०.०० | ३,२६,७५०.०० |
| ४ | पूंजीगत | ३१,८२,५७,५२८.८५ | ३१,८२,५७,५२८.८५ | २५,२५,२०,३०५.०० | २५,२५,२०,३०५.०० |
| ३१११० | भवनतथा संरचना | १,३७,८३,९४५.०० | १,३७,८३,९४५.०० | १०,५०,६४०.०० | १०,५०,६४०.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५०,६६,१२८.०० | ५०,६६,१२८.०० | ६५,७४,१९७.०० | ६५,७४,१९७.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ५,४२,९०,८००.०० | ५,४२,९०,८००.०० | ५३,१७,८९२.०० | ५३,१७,८९२.०० |
| ३११५० | सार्वजनिकनिर्माण | २४,२६,१८,८१६.६९ | २४,२६,१८,८१६.६९ | २३,९०,०३,५७६.०० | २३,९०,०३,५७६.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ३,७०,७२१.१६ | ३,७०,७२१.१६ | ५,३७,०००.०० | ५,३७,०००.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | २१,२७,११८.०० | २१,२७,११८.०० | ३७,०००.०० | ३७,०००.०० |
| ५ | वित्तीय | ० | ० | ० | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ८६,४६,९२,८४८.८१ | ८६,४६,९२,८४८.८१ | ७९,८९,३२,०६९.६७ | ७९,८९,३२,०६९.६७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | १,८२,०८,७५५.७२ | १,८२,०८,७५५.७२ | २,५३,२४,६४७.०२ | २,५३,२४,६४७.०२ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | ३०,७६,९१४.७४ | ३०,७६,९१४.७४ | ३,०५,६५,१८८.४७ | ३,०५,६५,१८८.४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | -२१,३२५.०० | -२१,३२५.०० |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | २,१२,८५,६७०.४६ | २,१२,८५,६७०.४६ | ५,५८,८९,८३५.४९ | ५,५८,८९,८३५.४९ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १३,४६,६१,९७४.३१ | १३,४६,६१,९७४.३१ | ७,८७,७२,१३८.८२ | ७,८७,७२,१३८.८२ |
| छ) | **विनिमयनाफा/ घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | १५,५९,४७,६४४.७७ | १५,५९,४७,६४४.७७ | १३,४६,६१,९७४.३१ | १३,४६,६१,९७४.३१ |

(छ) लेखापरीक्षणको क्रममा रु. ६५,४०० असुली भई दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८१।०९।३ मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।

३ **वित्तीय विवरणको परीक्षण :**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा निम्न शीर्षकको रु २० करोड ५४ लाख ५२ हजार सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय

विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

| | | | रु. हजारमा |
|---|---|---|---|
| सि.नं. | शिर्षक | बजेट | खर्च रकम |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १९९००२ | १९८४८२ |
| २ | राष्ट्रपती महिला सशक्तीकरण | २०० | ० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७००० | ६९७० |
| **जम्मा** | | २०६२०२ | २०५४५२ |

## ४ आन्तरिक लेखापरीक्षण

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम भएको सैद्धान्तिन्तिक तथा लगती बेरुजु समयमा नै फछ्यौट गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका असुल तथा लगती कायम गरिएका व्यहोरा बुँदागत रुपमा उल्लेख गरिएको छ। उक्त बेरुजु फछ्यौट गर्नुपर्ने देखिएको रु

| असुल गर्नुपर्ने बेरुजु | | |
|---|---|---|
| आलेप दफा नं | व्यक्ति वा संस्था | रकम |
| २५ | भैरव सप्लायर्स | २५९ |
| २५ | ए.एम.वि इन्टरप्राइजेज | ७३१ |
| २५ | वसन्त ट्रेडर्स | ११०० |
| २५ | दुर्गा हार्डवेयर | २५८४ |
| ४१ | पाल्पा उद्योग बाणिज्य संघ | ५००० |
| ४५ | नाम उल्लेख नभएको | ५००० |
| ४७ | द लुम्बिनी सेवा | ९८४७ |
| जम्मा | | २४५२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,५२१ |

४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम भएको सैद्धान्तिन्तिक तथा लगती बेरुजु समयमा नै फछ्यौट गर्नुपर्दछ। आन्तरिक

लेखापरीक्षण गर्दा औल्याएका असुल तथा लगती कायम गरिएका व्यहोरा बुँदागत रुपमा उल्लेख गरिएको छ। उक्त बेरुजु फछ्यौट गर्नुपर्ने देखिएको रु.

| अनियमित तथा प्रमाण पेश गर्ने | | |
|---|---|---|
| आ.ले.प. प्रतिवेदन दफा नं. | विषय | रकम रु. |
| १६,३३ | फरक शिर्षकबाट खर्च गरेको अनियमित | ३०,४०,३०१ |
| २१ | वृत्त चित्र जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने | ८,००,००० |
| २२,२५,२८,३० ,३१,३२,३५३९,४२,४६,४८ | सक्कल विल भर्पाई पेश गर्नुपर्ने | १३,७९,६३८ |
| ३७ | पदाधिकारीबाट कार्य गरेको अनियमित | १,९२,८२६ |
| जम्मा | | ५४,१२,७६५ |

| | |
|---|---|
| अनियमित भएको | ५४,१२,७६५ |

५ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ उपनियम ४ मा सार्वजनिक निकायले १ लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था छ। कार्यालयले दरभाउपत्र मार्फत गरेको खरिदमा ३ फरक प्रस्तावकले प्रस्ताव पेश गरेको सम्बन्धमा विश्वास्त हुने अवस्था देखिदैन। प्राय एउटै प्रस्तावक रहेको जस्तो विश्वास गर्ने आधार संग्लग्न कागजातबाट पुष्टी हुन्छ। साथै यसरी गरिएको खरिदका ०.२ प्रतिशत देखि १.१ प्रतिशतसम्म मात्र घटि मूल्यमा प्रस्ताव गरी सम्झौता भएको देखिन्छ। मूल्यमा प्रतिशपर्धा भएको सन्दर्भमा देखिदैन। सार्वजनिक खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी प्रक्रिया बढाउन पर्ने देखिन्छ। यसरी सोझै खरिद भएका केही उदाहरण निम्न छन् :

| गो.भौ.न. | आयोजनाकोनाम | लागत अनुमान | स्वीकार रकम | स्वीकार प्रतिशत |
|---|---|---|---|---|
| | लक्ष्मणरानाको घरदेखि राजु वस्नेतको घर पछाडीको खोलासम्म ढलान (वालाभूयर कन्सट्रक्सन) | ४७८६०९ | ४७७६३८ | ० |
| १७० | रानीमहलपेन्टीङ्ग (विकल्प कन्सट्रक्सन) | १९९६५३ | १९८३९७ | १ |
| १९१ | वडानं 7 कार्यालयको ट्रस निर्माण (कोमा ईन्जिनियरिङ्ग) contract sign समेत नभएकोहुदा प्रमाणित contract संलग्न गर्नुपर्ने | ९५७३३१ | ९५४९०९ | ० |
| २१० | पाल्पाअस्पताल पोष्टमार्टम गर्ने ठाउमा प्रतिक्षालय निर्माण | २५०००० | २४७२२० | १ |
| २२० | वडानं 3 लालिगुरास पार्टी प्यालेस देखि सरस्वती भट्टराईको घरजाने वाटो मर्मत | ३८२८५६ | ३८२००० | ० |
| 5 (सं. पूजिगत) | खेलकुदपूर्वाधार निर्माण वडा नं 6 | ९५७५०६ | ९५२४७७ | १ |
| 704 (पूजिगत) | Road marking (parking & zebra crossing) | २४६०३४ | २४५९५२ | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २९४ | वडा नं 3 ठाडो वाटोमा रेलिङ्ग निर्माण गणेश प्रेसदेखि ठाडो वाटो | १४३५०५ | १४३११० | ० |
| ५३६ | वडा नं 5 पधेरो मर्मत तथा निर्माणको लागि पाइपखरिद | १९५६७० | १९३९६० | १ |
| | कैलाशनगर खा.पा. पाइप खरिद | १९४०३२ | १९३४६७ | ० |
| ५४७ | होलाङ्गदी ढल र वस पार्किङ्ग निर्माण | ५७२०६३ | ५६९१७१ | १ |

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३३ लाख २८ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

## ७ योजना तथा वजेट कार्यान्वियन

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत गाँउसभाको निर्णयबाट रु. ४ करोड १ लाख ९५ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ४.२५ प्रतिशत हुन्छ। कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १४ वडाको लागि वडागत र पालिकास्तरका पूँजीगत तर्फ कुल ६३५ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १८३ | २० | १५ | १४८ |
| २. | वडा स्तरीय | ३७४ | ० | ३८ | ३३६ |
| | जम्मा | ५५७ | २० | ५३ | ४८४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५५१ योजना कार्यान्वियन भई ६ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको सन्तुलित, समावेशी एवं दीगो विकासका लागि क्षेत्रगत रुपमा सन्तुलित बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| | | | | रू.हजारमा |
|---|---|---|---|---|
| क्र.सं | क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ८०८९० | ३१६३९ | ३.७४ |
| २ | सामाजिक विकास | ५००३७२ | ४४१५१२ | ५१.०६ |
| ३ | पूर्वाधार विकास | ३०१८७५ | २४५३९७ | २८.३७ |
| ४ | सुशासन तथा अन्तरसमम्बन्धित क्षेत्र | ३६००० | १९४२९ | २.२५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १३२२७१ | १२६७१३ | १४.६५ |
| जम्मा | | १०५१४०८ | ८६४६९० | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१.०६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.२५ प्रतिशत रहेको छ।

## १० त्रैमासिक खर्च

कार्यालयको लागि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा त्रैमासिक खर्च स्थिती देहायवमोजिम रहेको छ ।

| | | | | | | | रू. हजारमा |
|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक खर्च | | | | |
| क्र.सं | बजेट | कुल खर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिनाको |
| १ | बजेट | ८६४६९२ | १३३८०७ | १४९५२५ | १८५८९० | ३९५४६९ | १९८९८५ |
| २ | पूँजीगत खर्चतर्फ | ३१८२५७ | १०००५ | ३२९९९ | ४५०६७ | २३०१८६ | १६६६०७ |
| ३ | प्रतिशत (पुँजिगत खर्चको तुलनामा) | ३७ | ३ | १० | १४ | ७२ | ५२ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७२.३२ प्रतिशत तथा आषाढ महिनामा ५२.३४ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## ११ खर्च बिश्लेषण

पालिकाले यस वर्ष चालु तर्फ रु.५४,६४,३५,३१९.९६ र पूँजीगत तर्फ रु ३१,८२,५७,५२८ गरी कुल रु ८६,४६,९२,८४८.८१ खर्च गरेको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.४५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.१९ प्रतिशत चालु र ३६.८१ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

## १३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ५५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा आंशिक विवरण अद्यावधिक गरेको छ। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १४ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन तथा नियमावली, ५४ कार्यविधि लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। कानुनको कार्यान्वयनको अवस्था अनुगमन गरी अद्यावधिक गर्नुपर्दछ।

## १५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको ३८ गरी कुल ४१ विवाद दर्ता भएकोमा ३६ वटा फर्स्यौट भई ५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## १६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। आवधिक योजना बनाएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै

तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्थाको पालना भएको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा निर्धारण समिति गठनको लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु ुपर्दछ।

१८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिन त्रिवर्षिय वजेट खाका तयार गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१९ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष मागमा आधारित भौतिक पूर्वाधार शीर्षकमा रु.१,२३,००,००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु.१,२१,७४,६८१.५२ खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन पर्दछ भने कानूनी व्यवस्थाको पालना नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

२० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरवन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३२ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर सहित ४४ पदहरु रिक्त रहेका छन्। रिक्त रहेका पदहरु पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गरेको देखिएन। दरवन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२१ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदहरुमा ८६ कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता वापत रु. ३,०८,८०,३६७ भुक्तानी गरेको पाइयो। त्यसै गरी सोही ऐनको ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले माथि उल्लेखित पदमा बाहेक सहायक पाचौँ र चौथो लगायतका पदमा १४ कर्मचारी करारमा नियुक्ती गरी वार्षिक तलव भत्तामा रु ५४,८२,२५६ भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५४,८२,२५६ |

२२ **तलबी प्रतिवेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उपदफा ४ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| कार्यालयले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई ८५ कर्मचारीको रु. ५ करोड ४७ लाख ६६ हजार तलब ग्रेड वापतको

खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## २३ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्दा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समाबेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पूँजीगत तर्फ गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.४,२८,५६,९२०।- भुक्तानी दिएको छ। ऐनमा तोकिएको व्यवस्था विपरित हुनेगरी बजेट प्रस्ताव गर्दा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व बाहेकको नियमित र चालु प्रकृतिको गत विगतको भुक्तानी दिने बाँकी रकम समाबेश गरी बजेट प्रस्ताव गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

## २४ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

## २५ सामाजिक सुरक्षा

२५.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयबाट प्राप्त Gender wise SSNP Grant Report (अनुसुची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा अन्य जेष्ठ नागरिक भत्ता लिएका लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न नआएका संख्या १३ रहेको पाईयो। पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका १३ लाभग्राही पहिचान गरी २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु.४८,००० का दरले रु.६,२४,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकीन गर्नुपर्दछ। साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ।

२५.२ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसूची १० अनुसार बैंकसँग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाब मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार एवं कार्यान्वयमा पालिकाले ध्यान पुर्‍याउनुपर्दछ।

## २६ आन्तरिक आय तथा राजश्व

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत वापत अनुमानित रु.९,००,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.८,४९,४१,९६६.८७ अर्थात अनुमान को तुलनामा ९४.३७ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आन्तरिक आयको दायरा विस्तार गर्दै आन्तरिक आम्दानी बृद्धि गर्नेतर्फ पालिकाले विशेष ध्यान दिन आवश्यक देखिएको छ।

| सि .नं. | राजश्वको नाम | २०७९।८० को असूली | २०८०।८१ को अनुमान | २०८०।८१ को असूली |
|---|---|---|---|---|
| १ | सम्पत्ती कर | ६०३४४९९।७४ | ७५०००००। | ६३३३३९५।९७ |
| २ | भुमिकर | ३५८९२४२।५४ | ४००००००। | ४२३८३६३।८३ |
| ३ | बहाल कर | ११९०९७४४।८४ | १००००००००। | ९८४४८२५।४४ |
| ४ | बिटैरी शुल्क | ३५९८७२।१५ | १५०००००। | ३२१४१८। |
| ५ | सवारी साधन कर | १३०००।०० | १५०००। | ३६५००। |
| ६ | स्थानीय पुर्वाधार उपभोगमा लाग्ने शुल्क | ९०६२३३६।५ | १००००००००। | ८८५८९६०। |
| ७ | अन्य कर | ० | ० | २३३७७८९।७७ |
| ८ | व्यवसाय कर | ३३५३०२०।६ | ३५०००००। | ३८९३२६६।६० |
| ९ | सरकारी सम्पत्तीको बहालबाट हुने अय | ४३७३०१२। | २००००००। | २२२०४६०। |
| १० | अन्य श्रोतबाट प्राप्त | ४२२९११०।९७ | २००००००००। | ६८५९११।८२ |
| ११ | अन्य सेवा शुल्क तथा बिक्री | ७२३७३८४।८० | ७७०००००। | ४६२२४१०।८२ |
| १२ | बस्तु तथा अन्य सेवा बिक्रीबाट प्राप्त | १०२६५४५। | १५००००० | ४९१२८३४।२ |
| १३ | न्यायिक दस्तुर |  | ० | ४४००। |
| १४ | परीक्षा शुल्क |  | ० | २६१५२०। |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क |  |  |  |
| १६ | पार्किङ शुल्क | ८७८१००। | ७०००००। | १४३१००५। |
| १७ | नक्सापास दस्तुर | ७६७५६९०।५३ | ४००००००। | ९०८१६००। |
| १८ | व्यक्तिगत घटना दस्तुर |  |  | १३१०९३५। |
| १९ | नाता प्रमाणित |  |  | ३३१९८०। |
| २० | अन्य दस्तुर | १२५५१३०।३७ | १५५००००। | १९४९८६९।३ |
| २१ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५६७००। | २५०००। | ८५७४५ |
| २२ | न्यायिक दण्ड जरिवाना |  | ० | ० |
| २३ | प्रशासनिक दण्ड जरिवाना |  | ० | २६०७७१।८ |
| २४ | प्रदुषण नियन्त्रण शुल्क ढल |  | ० | ५८०९३८। |
| २५ | अन्य राजश्व |  | ५०१००००। | ६२५९२१०। |
| २६ | जडिबुटी कवाडी जीवजन्तुकर | ० | ५०००००। | ३५२५००। |
| २७ | अन्य मनोरञ्जन कर | ६४५८८।२५ | १०००००। | १३३८९१। |
| २८ | विज्ञापन कर | २२०३८०। | ४०००००। | ७१३८५०। |

|  |  |  |  |  |
|---|---|---|---|---|
| २९ | दहत्तर बहत्तर शुल्क |  | ० | १९५६२६०।३२ |
| ३० | घरजग्गा रजिष्ट्रेशन मालपोत कार्यालयबाट | १२०२०५६५।६० | १००००००००। | ११९२१३५५। |
|  | जम्मा | ७२६५८९२३।८९ | ९००००००००। | ८४९४१९६६।८७ |

## २७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८४३४६२४२० | ८,४९,४१,९६६.८७ | १०.०७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा केन्द्रीय अनुदानबाट प्राप्त भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.०७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २८ राजश्व अनुमान तथा असुली

नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल एकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय संकलन गरेको छैन। नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत(म.ले.प.फा. नं. ११२) र करदाताको गोश्वरा लगत फारम (म.ले.प.फा. नं. ११३) तयार गरी करयोग्य आय भएका सबै करदातालाई करको दायरामा ल्याउनु पर्दछ।

## २९ व्यवसाय कर

नगरपालिकाको आर्थिक ऐन, २०८० मा नगरपालिका भित्र व्यापार व्यवसाय गर्न चाहने व्यक्ति वा संस्थाले सोही ऐनको अनुसूची ४ मा तोकिए अनुसार व्यवसाय कर तिर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष रु. ३८,९३,२६६ ब्यवसाय कर असुल गरेको देखिन्छ। पालिकाले ब्यवसाय गर्ने व्यक्तिहरुको अभिलेख व्यवस्थित गरी तिर्नुपर्ने व्यवसाय कर एकिन गरी असुल गर्नुपर्दछ।

## ३० सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको १० प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन।

## ३१ नगदी रसिद

पालिकाको आर्थिक ऐन, २०८० मा पूर्वाधार सेवा उपयोगमा लाग्ने शुल्क अन्तर्गत रानीमहल दरबारको अवलोकन शुल्क र श्रीनगर भ्युटावर अवलोकन तथा पार्किङ्ग शुल्कको व्यवस्था गरेको छ। सोही अनुसार टिकट छपाई उक्त स्थानमा नगरपालिकातर्फबाट खटाईएका कर्मचारीलाई जिम्मा दिएकोमा लेखापरीक्षणको क्रममा उक्त स्थानहरुबाट संकलन भएको शुल्क परीक्षण हुन सकेन। टिकट तथा शुल्कको विवरण पेश नभएको व्यहोरा मस्यौदा प्रतिवेदनमा उल्लेख गरे पश्चात पालिकाले टिकटबाट रानीमहल दरबारतर्फ रु. ७१,६७,८६० र श्रीनगर भ्युटावरतर्फ रु.१६,९७,३३० असुल भएको विवरण पेश गरेको छ। पालिकाले सबै प्रकारका आम्दानी संकलनमा सफ्टवेयर प्रयोग गरेकोमा उपरोक्त अनुसारको आय संकलनमा टिकट बिक्रीवापत एकमुष्ट आम्दानी बाँध्ने गरेको जानकारी प्राप्त भएको छ। जसबाट उक्त स्थानको अवलोकन के कति जनाबाट भएको हो र सो बाट के कति राजस्व प्राप्त हुनुपर्ने हो सो सम्बन्धमा

एकिन गर्न सकिएन। तसर्थ पालिकाले सूचना प्रविधिको प्रयोग गरी शुल्क संकलन तथा दैनिक आम्दानी राजस्व खातामा दाखिला गर्ने तथा स्वीकृत म.ले.प.फा.हरुमा उक्त असूली भएको रकमको दैनिक तथा शीर्षकगत आम्दानी गरी आन्तरिक आय व्यवस्थित गराउनुपर्दछ।

३२ **करार कर्मचारीलाई प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यवोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यस्तै नेपाल सरकार, मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार सबै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दीभित्र रहेका करारमा रहेका व्यक्तीहरुलाई विभिन्न सेवा सुविधा दिने निर्णय गरेको छ। जसमा पारिश्रमिकको निश्चित प्रतिशत रकम अन्य भत्ताको रुपमा दिने कुनै निर्णय गरेको छैन। सोहि बमोजिम सेवा सुविधा प्रदान गर्नका लागि सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१।२५ मा आ.व. २०७४।७५ बाट लागू हुने गरी कार्यान्वयन गर्न पत्राचार गरेको छ। पालिकाले करार कर्मचारीलाई अन्य भत्ता प्रदान गर्न सम्झौतामा उल्लेख गरेको छैन। करारका कर्मचारीको कार्यसम्पादन मूल्यांकन ८० प्रतिशत र सो भन्दा वढी प्राप्त गरेको अभिलेख मूल्यांकन गरेको देखिएन। नगरपालिकाले ७७ जना करार कर्मचारीलाई रु १९,६२,२५२ भत्ता वितरण गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,६२,२५२ |

३३ **आर्थिक सहायता**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको कार्यक्षेत्रमा कानून, मापदण्ड कार्यविधि बनाएर सेवाको उत्पादन र वितरण गर्न सकिने व्यवस्था छ। पालिकाले आर्थिक सहायताला वितरण गर्दा पनि स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी सोही अनुसार गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि बेगर, कार्यपालिकाको निर्णय बमोजिम विभिन्न ३३ व्यक्तिहरुलाई विपद् व्यवस्थापनको लागि रु.२,७०,००२।- आर्थिक सहायता वितरण गरेको पाइयो। सहायता वितरण गर्ने कार्य अन्य तहका सरकारसँग समेतको समन्वयमा दोहोरो नपर्ने गरी स्पष्ट मापदण्ड तथा कार्यविधिमा आधारित तुल्याई व्यवस्थित बनाउनुपर्दछ।

३४ **चालु खर्चको स्थिती**

तानसेन नगरपालिकाले गरेको २ बर्षको प्रशासनिक खर्चको अवस्था निम्नानुसार रहेको छ। यि चालु प्रकृतिका काम/ खर्च शीर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ। कार्यालयले कार्यक्रममा वृद्धि, बजार मूल्यमा वृद्धि जस्ता कारणले खर्चमा वृद्धि भएको जानकारी दिएको छ । पालिकाले प्रशासनिक खर्चमा मितव्ययीता अपनाउनु पर्छ।

रु हजारमा

| **क्र.** सं | **खर्च शिर्षक** | **२०७९।८० को खर्च** | **२०८०।८१ को खर्च** |
|---|---|---|---|
| १ | करारका कर्मचारीको तलब खर्च | ३५४८० | ३९७२९ |
| २ | पदाधिकारी सेवा सुविधा | १५७३९ | १५६९३ |
| ३ | पदाधिकारी बैठक भत्ता | १०५६ | २३९९ |
| ४ | कर्मचारी बैठक भत्ता | ३९० | ३९८ |
| ५ | विविध खर्च | १५०० | ३३२८ |
| ६ | ईन्धन | २०७९ | २१३७ |
| जम्मा | | ५६२४४ | ६३६८४ |

३५ **सवारी साधन मर्मत**

३५.१

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले सवारी साधन मर्मत वापत गो.भौ.नं ४०१ मिति २०८०-०९-०४ बाट रु. २९६३२३ भुक्तानी भएको छ। सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ:

३५.२ **फरक फर्मको नाममा भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी गर्दा खर्चको विल भर्पाई परीक्षण गरी यथेष्ट विल भर्पाइ पेश भए बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले लक्ष्मी मोटो केयर प्रा.लि.को Invoice No. क्रमश: ४१२ र ७५४ दुई थानको(क्रमश: २०२९४.८० र ९६७७३.२०) बिल संलग्न राखी, सोको भुक्तानी सारा मोटर्स कोपर्स प्रा.लि. लाई भुक्तानी दिएकोले भुक्तानी नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,१७,०६८ |

३५.३ **बढी भुक्तानी:**

लेखापरीक्षणको क्रममा बिल भर्पाई जाँच गर्दा Invoice No. क्रमश: ४१२ र ७५४ दुई थानको(क्रमश: २०२९४.८० र ९६७७३.२०) गरी जम्मा रु ११७०६८ को मात्र बिल संलग्न राखी रु २९६३२३ भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु १७९२५५ सारा मोटर्स कोपर्स प्रा.लि. बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७९,२५५ |

३६ **बितरणमुखी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारी र औचित्य समेतलाई विचार गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पुँजी सिर्जना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजी निर्माण हुने किसिमका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गरेकोलाई दोहोरो सुविधा पर्ने गरी रु ३ लाखको सामाग्री वितरण गरेको छ । पालिकाले विभिन्न कार्यक्रममा विभिन्न सामाग्री वितरण गरी देहाय बमोजिमको रकम खर्च लेखेको छ ।यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

| **गो.भौ.नं/मिति** | **कार्यक्रमको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ८९८।२०८१।०१।०२ | ज्येष्ठ नागरिक सम्मान | वडा नं २ को ज्येष्ठ नागरिकलाई थर्मस वितरण | १००००० |
| १२३७।२०८१।०३।०५ | महिला विपन्न लक्षित कार्यक्रम | वडा नं १ को महिलालाई २ दिने भ्रमण | ५०००० |
| १४७४।२०८१।०३।१९ | ज्येष्ठ नागरिक सम्मान | वडा नं १० को ज्येष्ठ नागरिकलाई इलेक्ट्रोनिक किट्ली वितरण | ९९९५० |
| १४९९।२०८१।०३।२० | ज्येष्ठ नागरिक सम्मान | वडा नं ९ को ज्येष्ठ नागरिकलाई रानीमहल भ्रमण | १०००० |
| १५०४।२०८१।०३।२० | दलित आयआर्जन कार्यक्रम | वडा नं २ को ९ जना लाई सिलाई मेशीन वितरण | १२०००० |
| जम्मा | | | **३७९९५०** |

३७ **फरक शीर्षकबाट भूक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) कार्यालय प्रमुखले बजेट खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको खर्च सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी हेर्दा पालिकाले निम्न बमोजिमको शीर्षकमा फरक शीर्षक पारी खर्च लेखेकोले नियमसम्मत नदेखिएको रू.

| गो.भौ.नं मिति | खर्च गर्नुपर्ने शीर्षक | खर्च व्यहोरा/शीर्षक | रकम |
|---|---|---|---|
| १३९६।२०८१।०३।१६ | सभा संचालन खर्च | टोनर तथा कार्टिज खरिद | १८५०० |
| १४५२।२०८१।०३।१९ | नगर स्वास्थ्य कार्यक्रम | महिला स्वास्थ्य स्वयं सेविकाको यातायात तथा सम्मान | ११२२७ |
| १५५१।२०८१।०३।२१ | परीक्षा संचालन खर्च | विविध खर्च | ७८०५० |
| १५५५।२०८१।०३।२२ | मेशिनरी औजार मर्मत | करार सेवा शुल्क | १५००० |
| १५६०।२०८१।०३।२३ | विविध खर्च | पर्यटन प्रवर्द्धन कार्यक्रम | १५००० |
| १५६८।२०८१।०३।२३ | बैठक भत्ता | विविध खर्च | ६००० |
| १५७३।२०८१।०३।२३ | खेलकुद कार्यक्रम | सडक खाना महोत्सव | ९०००० |
| १५८१।२०८१।०३।२३ | बैठक भत्ता | विविध खर्च | १२००० |
| १५८२।२०८१।०३।२३ | बैठक भत्ता | पारिश्रमिक पदाधिकारी | ३७८०० |
| १५८३।२०८१।०३।२३ | बैठक भत्ता | पारिश्रमिक पदाधिकारी | ३७८०० |
| १५८४।२०८१।०३।२३ | मोटरबाटो निर्माण | ज्येष्ठ नागरिक सम्मान, दलित सचेतना | १७१५७१ |
| १५९१।२०८१।०३।२४ | बैठक भत्ता | पारिश्रमिक पदाधिकारी | ४०८०० |
| १५९७।२०८१।०३।२४ | बैठक भत्ता | पारिश्रमिक पदाधिकारी | ३७८०० |
| १५९८।२०८१।०३।२४ | बैठक भत्ता | पारिश्रमिक पदाधिकारी | ६३००० |
| १६०७।२०८१।०३।२४ | करार कर्मचारी | पारिश्रमिक कर्मचारी | २०१६६ |
| **जम्मा** | | | **६५४७१४** |

| अनियमित भएको | ६,५४,७१४ |
|---|---|

३८ **आमन्त्रित सदस्य**

लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९ को बुदां नं. १ को (ङ) नम्बर बुदाँमा बैठकमा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्य राख्न सकिने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी हेर्दा पालिकाले विभिन्न समितिको बैठकमा तोकिएको सदस्य भन्दा बढी आमन्त्रित राखी भत्ता भुक्तानी गरेको देखियो। पालिकाले देहायका समितिको बैठकमा नियमानुसार भन्दा बढी आमन्त्रित सदस्या बोलाई खर्च लेखेको छ। अत, पालिकाले खर्च मापदण्ड एवं कार्यविधि अनुसार मितव्ययिता कायम हुने गरी आमन्त्रित सदस्य राखि खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| गो भौ नं मिति | बैठकको नाम | आमन्त्रित राख्नुपर्ने बैठक सङ्ख्या | आमन्त्रित राखेको बैठक सङ्ख्या | बढी आमन्त्रित सदस्य सङ्ख्या | रकम |
|---|---|---|---|---|---|
| २१८/ २०८०-०८-०४ | योजनामूल्याङ्कन समितिको बैठक | २ | ८ जना | २ जना | २००० |
| ४१८/ २०८०-९-१६ | योजनामूल्याङ्कन समितिको बैठक | ३ | १३ जना | ४जना | ४००० |

| अनियमित भएको | ६,००० |
|---|---|

३९ **बढी भुक्तानी**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.नं ३७२ मिति २०८०-०९-०४ बाट श्रीनगर आयल स्टोर पाल्पालाई बिजक नम्बर SNOS १५६५/२०८०, मिति २०८०/०८/२९को बिल अनुसार रु. ७९,३७५ भुक्तानी गर्नुपर्नेमा रु. ३,८७,२३३ भुक्तानी भएको देखिएको रु. ३०७,८५८ बढी भुक्तानी भएको पाइयो। यस सम्बन्धमा लेखापरीक्षणको क्रममा कार्यालयले भुलबस त्यसो हुन गएको भन्ने जवाफ दिएको भएतापनि लेखापरीक्षण अवधि तथा सो पश्चात प्रतिकृयामा पनि प्रमाण पेश नगरेकोले उक्त बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०७,८५८ |

४० **खर्चमा मितव्ययिता**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले गो.भौ.नं ६१८ मिति २०८०-१०-१७ बाट वडा नम्बर ४ मा मिति २०८०।१०।०७ र ०८ गते सञ्चालन भएको बजेट उद्घघोषण तालिम व्यवस्थापन खर्च वापत विशालबजार टोल विकास संस्थालाई रु. ५०,००० भूक्तानी गरेकोमा उक्त संस्थाले पेश गरेको तालिम सम्बन्धी फोटो र अभिलेख जाँच गर्दा सो कार्यक्रममा सहभागीको संख्या पेश भएका बिल बिजक अनुसार नै रहेको भन्ने कुरामा आश्वस्थ हुने आधार देखिदैन। यसरी सरकारी रकम खर्च लेख्दा सरकारी खर्च सम्बन्धी कार्यविधि तथा मापदण्डको प्रभावकारी पालना गरी खर्चमा मितव्ययिता तथा पारदर्शिता कायम गर्ने तर्फ अधिकार प्राप्त अधिकारी जिम्मेवार हुनुपर्ने देखिन्छ।

४१ **गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्दा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समाबेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्वको विवरणमा समेत तयार नगरी गत आ.व.मा विभिन्न सवारी साधनमा प्रयोग भएको इन्धन खर्च अर्डर सिलिपको आधारमा तयार परिएको बिल भर्पाई अनुसार यस बर्ष गो.भौ. ७९ मिति २०८०।०६।२९ मा श्रीनगर आयल स्टोरलाइ रु. ८१,२४२।- भुक्तानी दिएको छ। ऐनमा तोकिएको व्यवस्था विपरित हुनेगरी बजेट प्रस्ताव गर्दा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व बाहेकको नियमित र चालु प्रकृतिको गत विगतको भुक्तानी दिने बाँकी रकम समाबेश गरी बजेट प्रस्ताव गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। प्रचलित कानूनी ब्यवस्थाको पालना गरी दिइएको भूक्तानी नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८१,२४२ |

४२ **बिज्ञापन करको बाँडफाँड**

अन्तर सरकारी व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन करबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विज्ञापन करबाट रु.७१३८५० आम्दानी गरेकोमा प्राप्त आयको ४० प्रतिशत रु.२,८५,५४० प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन । तसर्थ उल्लेखित प्रावधान अनुसार ४० प्रतिशतले हुने कर प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८५,५४० |

४३ **सम्भाव्यता अध्ययन/डि.पि.आर**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(ख) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष खेल मैदान र सडक गुरुयोजना निर्माणको डिपिआर कार्यमा रु.१४ लाख ९३ हजार खर्च गरेकोमा यस वर्ष सम्भाव्यता/डिपिआर कार्य गरेको छैन। ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत पालिकाले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिबेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

४४ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्दछ । पालिकाले विभिन्न ४ सफ्टवेयरहरुमा गत वर्षसम्म रु.१२,४५,१७० भुक्तानी गरेकोमा यो वर्ष कुनै पनि सफ्टवेयरमा भुक्तानी भएको पाईएन् । ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा गत वर्ष सम्म रु.५,८३,४६० खर्च गरेकोमा यो वर्ष नविकरण र मर्मत संभारमा भुक्तानी नभएकोले हाल सम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा रु. १२,४५,१७० खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

४५ **कानुनी सल्लाहकार**

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/ सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन। पालिकाले यस वर्ष एक जना कानूनी सल्लाहकार नियुक्ति गरी गो.भौ.नं- १५०१।२०८१।०३।२० बाट पारिश्रमिक बापत रू.३००००० भुक्तानी गरेको छ। प्रचलित कानून व्यस्थाको पालना नगरी अनियमित तरिकाले भएको खर्च रू.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

४६ **सहकारीलाई अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। पालिकाले वडा नं ८ मा रहेको कोकल देवी सहकारी संस्थाको क्षमता अभिवृद्धिको लागि उक्त संस्थालाई १ थान डेक्सटप, १ थान प्रिन्टर खरिद गरे वापत रू.१०८२७२ भुक्तानी गरेको गरेको रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,०८,२७२ |

४७ **जिन्सी निरीक्षण वापतको बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९को उपनियम (१)मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैँ वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्नेछ। यसरी कानुनद्वारा नै स्पष्ट तोकिएको नियमित कार्यलाई समेत अतिरिक्त कार्यसम्पादन भनि बैठक भत्ता रु ३७४०० भूक्तानी दिएको छ। उक्त खर्च नियमसँगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३७,४०० |

४८ **सक्कल बिल बिजक बेगर भुक्तानी**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेकोमा पालिकाले गो.भौ.नं ४१० मिति २०८०-०९-१३ बाट पौवा खानीखोला जुम्लाको बिजक नम्बर PAW808100541 मिति २०२३।१२।१२ र होटल प्रा.लि. बाग्लुङ्गको बिजक नम्बर ACC-BB-00407 मिति २०८०.०८.२१ को गरी कुल रकम भूक्तानी रु. १८,०८९ भुक्तानीको लेखापरीक्षणको क्रममा प्रमाण कागजात परीक्षण गर्दा नक्कल(फोटोकपी) बिल विजक पेश संलग्न राखी भुक्तानी दिएको देखिएको हुदाँ उक्त भुक्तानीको सक्कल बिल पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,०८९ |

४९ **मूल्य अभिवृद्धि कर**

पालिकाले ढुंगा गिट्टी बालुवा वापत वडा तथा पालिकाबाट असूल भएको रकम अन्य श्रोतबाट प्राप्त रोयल्टी अन्तर्गत यस वर्ष रु.१९,५६,२६० असूल गरेको छ। उक्त रकममा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धी कर रकम रु.२,५४,३१३ संघीय संचितकोष दाखिला गरेको देखिएन। उक्त रकम दाखिला हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५४,३१३ |

५० **छात्रावृत्ति बितरण**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था रहेको छ। सो पुस्तिकामा कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने र विद्यालयमा छात्रवृत्ति वितरण गरेको भरपाई सम्बन्धित पालिकामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले छात्रवृत्ति वितरण गर्दा देहाय बमोजिम विद्यालयमा निकासा गरेबमोजिमको रकमको भरपाई पेश नभएको हुनाले सम्बन्धित विद्यालयबाट असुल गर्नपर्ने रकम रू.

| विद्यालयको नाम | जम्मा निकासा | भरपाई | फरक रकम |
|---|---|---|---|
| जनता मा.बि | ८७६०० | ७१२०० | १६४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,४०० |

५१ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ बमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई पुस्तकालय तथा ICT ल्याव व्यवस्थापनका लागि रु.६५००००।- का दरले रु.४५,४८,५५२ निकासा भएको देखिन्छ। पालिकाले पुस्तकालय र ल्याबको संचालन तथा उपयोगको स्थिति देखिने गरी अनुगमन र अभिलेखांकन गरेको पाईएन्। तसर्थ पालिकाबाट अनुमगन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित गर्नुपर्दछ। साथै उक्त ल्याब तथा पुस्तकालय संचालनबाट प्राप्त नतिजाको अनुगमन र प्रतिवेदन हुनुपर्दछ।

| विद्यालयको नाम | बापत | रकम रु. |
|---|---|---|
| देववाणी संस्कृत तथा साधारण मा.वि. | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| जनता मा.वि. | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| दमकडा मा.वि. | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| मण्डली मा.वि. | विज्ञान प्रयोगशाला स्थापना | ६५०००० |
| सर्वोदय मा.वि. | विज्ञान प्रयोगशाला स्थापना | ६४८५५२ |
| जनप्रिय मा.वि. | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| मोहन कन्या मा.वि. | विज्ञान प्रयोगशाला स्थापना | ६५०००० |

५२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ बमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ। पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकाबाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । पालिकाले नियमवलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ।

| क्रस | विद्यालयको तह | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | वालविकास | ९७१ | ४६ | २२:१ |
| २ | आधारभुत विद्यालय | ३४४५ | १९४ | १८:१ |
| ३ | माध्यमिक विद्यालय | १४२९ | ५५ | २५:१ |

५३ **सट्टा शिक्षक**

संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ खर्च गर्नुपर्नेमा कार्यालयले हाल पद खारेज गरी सम्बन्धित विद्यालयमा पठन पाठनमा फर्काउने गरी निर्णय भएका स्रोतव्यक्तिलाई मोहनकन्या माध्यमिक विद्यालयका शिक्षक तथा तत्कालीन स्रोतव्यक्ति श्री लक्ष्मी ढुङगानालाई नगरपालिका कार्यालयमा काजमा राखेको र निजको स्थानमा सट्टाशिक्षक राखी तलब भत्ता भुक्तानी गरेको छ। यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रु.५१५६२४ तलब भत्ता भुक्तानी भएको छ। सट्टा शिक्षक राखि तलब र भत्ता वापत भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,१५,६२४ |

५४ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ मा सेनिटरी प्याडको साइज (Size including minimum 240±20 mm length and 60 to 75 width, thickness15mm±2 mm) हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्र रहेका विद्यालयका छात्राहरुको लागि आवश्यक पर्ने सेनिटरी प्याड (३२०५७ प्याकेट) खरिदको ठेक्का आह्वान गर्दा गो.भौ.नं- ३१६।२०८१।२।२१ बाट ए. जि हेल्थ इन्ड्रष्टिज प्राली लाई रू. ११,५५,६४९ भुक्तानी खर्च लेखिएको छ। सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ मा सेनिटरी प्याडको साइज (Size including minimum 240±20 mm length and 60 to 75 width, thickness15mm±2 mm) हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का आह्वान गर्दा सेनेटरी प्याडको साइज (Size including minimum 280±20 mm length and 60 to 75 width, thickness below 5mm) बनाई कार्यविधि विपरित २८०mm साईजको खरिद गरी भुक्तानी दिएको छ । पालिकाले कार्यविधिले तोकेको मापदण्ड वमोजिम खरिद गरी वितरण गर्नुपर्दछ। पालिकाले ठेक्का आह्वान गर्दा सेनेटरी प्याडको साइज (Size including minimum 280±20 mm length and 60 to 75 width, thickness below 5mm) बनाई कार्यविधि विपरित २८०mm साईजको खरिद गरी भुक्तानी दिएको छ। पालिकाले कार्यविधिले तोकेको मापदण्ड वमोजिम खरिद गरी वितरण गर्नुपर्दछ।

५५ **दरबन्दी बाहिरका स्वास्थ्यकर्मी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार विभिन्न स्वास्थ्य संस्थामा दरवन्दी बाहेक करारमा ६ स्वास्थ्यकर्मी नियुक्ती गरी रु. २९,४७,५०० भूक्तानी दिएको दरवन्दी भन्दा बढी कर्मचारीको लागि भएको भूक्तानी नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २९,४७,५०० |

५६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत

पालिकाका १३ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत ९८.२४ दिन रोजगारी उपलब्ध गराई रु.४९,१७,१८१.४० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५७ **सीप विकास तालिम (मेडपा कार्यक्रम )**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाका सीप विकास तालिम (सिलाई कटाई सीप विकास तालिम) मा रु.१,५७,१३० खर्च गरेको छ। उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन। पालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थीहरुले व्यवसाय तथा उद्यम शुरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन। तसर्थ, पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ।

५८ **बनको जग्गा लिजमा १०० रोपनीमा वसपार्क**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलमा वातावरणीय प्रभाव अध्ययन मुआब्जा वा लिजको व्यवस्था गरी संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ। पालिकाले वनको जग्गा लिजमा लिएर रु.१७,९१,५९,२९७ को काम स्वयंभु रेड अर्थ हिमाल जेभी को रु. १५९४५४०७७.८३ प्रतिस्पर्धा कवोल अंक स्वीकार गरी गत वर्षको ठेक्कामा यो वर्षसम्म रु २१२२१५५५ मूल्यांकन गरी करिव १३.३० प्रतिशत प्रगती देखिन्छ। यसरी वनजंगल संरक्षण गर्नुपर्ने स्थानमा वसपार्क जस्तो संरचना निर्माण गरी वातावरणमा पर्ने असर सम्बन्धमा अध्ययन गरी विज्ञको रायसहितको प्रतिवेदन तयार गराउनुपर्दछ। प्रारम्भिक वातावरणीय परीक्षण अनुसार वसपार्कको जग्गा विकासमा बढी लगानी पर्दा आयोजना मितव्ययी हुने स्थीति समेत देखिदैन।

५९ **डुम्रेखोला सुन्धारा तेल्गाहा गुफाचौर सालघारी हुलाङ्दी सडक आयोजना**

डुम्रेखोला सुन्धारा तेल्गाहा गुफाचौर सालघारी हुलाङ्दी सडक आयोजना विस्व वैंकको लागत साझेदारीमा चेनेज १+०७० देखि ७+६८७.६२ करिव ८ किलोमिटर सडक अस्पताल पिचको लागि मू.अ.कर पि एस बाहेक रु. ४१६३५७९१६ लागत अनुमान तयार गरी रु. ३९२९९०३४० घटीको प्रतिष्पर्धा कवोल बेदाङ्सी इन्फ्रास्टक्चर प्रा.ली. संग सम्झौता गरी रु.२९४७४००० पेश्कि दिएको छ। १३ महिनामा सम्पन्न गर्ने गरी ८ मे २०२४ मा कार्यदेश दिएको अवस्थाले सो काम ८ जुन २०२५ मा सम्पन्न गर्नुपर्ने अवधि रहेकोमा डिजाइन एण्ड सुपरभिजन (SDC) कन्सल्टेन्ट रु. १२५५४०२५ M/S कन्सल्टीङ जे.भी.संग २०७९।६।२ संझौता गरेकोले सो आयोजनाको मूल परामर्श र निर्माण लागत रु ४० करोड ५५ लाख ४४ हजार ३६५ मू.अ.कर र पि.एस. बाहेक हुन आउछ। हालसम्म कार्य सुरु भएको देखिएन। समयमै कार्य सम्पन्न गर्नु/गराउनु पर्दछ।

६० **अवण्डा बजेटबाट अधुरो योजनालाई भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम बजेटमा व्यवस्था गरी योजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले मिति २०८०।०३।१५ मा म्याद समाप्त भएको लक्ष्मी मा.वि. देखि बाईपास सडक स्तरोन्नति गर्ने (TM/PLP/W/NCB/05/079-80) अधुरो योजनाको लागि यस आर्थिक वर्षमा बजेट व्यवस्था नगरी अवण्डा बजेटबाट गो.भौ. ६३१-०८१।०३।२४ मार्फत रु.१२,१२,८३९ भुक्तानी गरेको पाईयो । यसरी बजेटमा व्यवस्था नगरी अधुरो योजनालाई अवण्डा बजेटबाट भुक्तानी दिनु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,१२,८३९ |

६१ **अधुरो ठेक्का**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(११), १२१ र १२८ अनुसार अधुरा ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने र अन्य कारवाही समेत गर्ने व्यवस्था छ। देहाय अनुसार निर्माण कार्यको निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको जिसिसि ५५.१ मा निर्माण कार्य समयमै सम्पन्न नभएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ती लाग्ने उल्लेख छ। तसर्थ सम्झौतामा उल्लेख भए बमोजिम निर्माण कार्य समयमै सम्पन्न नगरेकोले तपसिलका अधुरा ठेक्काहरुको रु. ८,२२,४२४ पेश्की जमानी प्राप्त गरी रु. ३,३८,४०८ पूर्वनिर्धारित क्षतिपुर्ती लगाई असुल गर्नुपर्ने रु.

| क्र.सं. | ठेक्का नं | निर्माण व्यवसायी | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | कार्य भएको | पेश्की जमानी | पूर्व निर्धारित क्षतिपूर्ति (०८१ असार मसान्त सम्मको) |
|---|---|---|---|---|---|---|---|
| १ | १०-०८०।८१ | प्रिमियम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८१।०१।३० | ३९३९१७० | २६७९७३३ | ० | ११८१७५ |
| २ | ११-०८०।८१ | ओसिन निर्माण सेवा | २०८१।०३।१५ | ८१८७३५२ | २५३७७२२ | ० | ६१४०५ |
| ३ | १३-०८०।८१ | पारस निर्माण सेवा | २०८१।०३।१० | ६००८९२३ | १२८३३८५ | ६००००० | ६००८९ |
| ४ | १५-०८०।८१ | कर्माचार्य कन्स्ट्रक्सन | २०८१।०२।२० | २२२४२४२ | ११३९८०९ | ० | ४४४८५ |
| ५ | १६-०८०।८१ | कर्माचार्य कन्स्ट्रक्सन | २०८१।०२।३० | २६३६७०१ | ८१६०८७ | २२२४२४ | ३९५५० |
| ६ | १७-०८०।८१ | कर्माचार्य कन्स्ट्रक्सन | २०८१।०३।२० | २६७३४५९ | २४५२०८ | ० | १४७०४ |
| **जम्मा** | | | | | | **८२२४२४** | **३३८४०८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६०,८३२ |

## ६२ दर विश्लेषण

सडक तथा पुल निर्माण नर्म्स २०७५ ले लागत अनुमान तयार गर्दा म्यान पावर र मेटेलियल ईन्पुट नर्म्सबाट लिने तथा स्थानीय निर्माण सामाग्रीहरुको दर कलेक्सन र जिल्ला दररेट बीच तुलना गरी मितव्ययी हुने गरी गुणस्तरमा फरक नपर्ने गरी जुन दर प्रयोग गर्दा श्रोतमाथिको व्यायभार कम हुन्छ सोही दरलिई विश्लेषण गर्न सक्ने गरी कलेक्सनको नर्म्स पनि व्यवस्था गरेको छ । पालिकाले यस वर्ष संचालन गरेको केही योजनामा स्थानीय कलेक्सन दर प्रयोग गरि सोही आधारमा दरविश्लेषण गरी भुक्तानी दिएकोमा निम्नानुसार योजनामा जिल्ला दर अनुसार खरिद गर्ने गरी लागत अनुमान तयार तथा भुक्तानी गरेको छ । स्थानीय सामाग्री कलेक्सन गर्दा ढुंगा, गिटी तथा बालुवा प्रतिघनमिटर रु.१७०० सम्म पर्नेमा पालिकाले जिल्ला दररेट अनुसार रु.२४५०, ३३०० र ३४०० प्रयोग गरेको छ । नमुना छनौटमा परेका मध्ये पालिकाले देहाय अनुसार योजनामा क्रसरको गिट्टी वालुवा प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले खोला निर्माण सामाग्री प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ । खोलाको तथा पालिका भित्रको स्थानीय निर्माण सामाग्री प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ ।जसबाट निर्माण सामाग्री क्रसरबाट खरिद गरेको दरमा भुक्तानी दिन मिल्ने देखिएन । तसर्थ कलेक्सन, रोयल्टी तथा ढुवानी समेत गरि रु.१७०० को दर राखि दर विश्लेषण नगरी जिल्लाको क्रसरको दर राखी विश्लेषण गर्दा देहायअनुसार प्रतिघनमिटरका दरले बढी भुक्तानी भएको छ । तसर्थ पालिकाले स्रोतमाथि व्ययभार कम पर्ने गरी दर विश्लेषण गर्नुपर्छ ।

| गो.भौ | मिति | योजना/उपभोक्तासमिति | गिट्टी, वालुवाको परिमाण | बढी दर | रकम |
|---|---|---|---|---|---|
| ६०० | ०८१।३।२४ | कुलो मर्मत कार्य योजना | ७.७१ | २१२७.५० | १६४०३ |
| ४८९ | ०८१।३।१८ | हातेमालो टोल विकास संस्था खानेपानी मुहान संरक्षण | ४९.९८ | २२४१ | ११२००५ |
| ४८९ | ०८१।३।१८ | हातेमालो टोल विकास संस्था खानेपानी मुहान संरक्षण | ४०.९४ | ६२९ | २५७५१ |
| ४६८ | ०८१।३।१६ | गणशाला भगवती देखि स्वामीको रुखसम्म मोटरबाटो स्तरोन्नति | ११२.५० | ३८४ | ४३२०० |
| ४६८ | ०८१।३।१६ | गणशाला भगवती देखि स्वामीको रुखसम्म मोटरबाटो स्तरोन्नति | २४.५७ | ६२९ | १५४५४ |
| ३३२ | ०८१।२।१४ | नयाँ गाँउ क्रियापूत्री टहरोबाटो प्रतिक्षालय निर्माण | ४६.१८ | २२५९ | १०४३२१ |
| १६५ | ०८०।१०।२४ | नेटा पोखरा आमँडाँडा हुदै अबल जोड्ने बाटो | ५१.५९६ | २२४१ | ११५६२७ |
| ६ | ०८०।११।०८ | लाँलीगुरास चोकदेखि कलधारा सडक स्तरोन्नति | ८०.५२ | २२४१ | १८०४४५ |
| २८ | ०८०।१२।२६ | लाँलीगुरास चोकदेखि चण्डीस्थान सडक स्तरोन्नति | ८९.५८ | २२४१ | २००७४९ |
| २८ | ०८०।१२।२६ | लाँलीगुरास चोकदेखि चण्डीस्थान सडक स्तरोन्नति | २५.९१ | ६२९ | १६२९८ |
| २८९ | ०८१।०१।१२ | एक्लेपिपल डिसिनडाँडा माडिफाँट चिदीयापिपल मोटरबाटो | २८८.२२ | ३८४ | ११०६७६ |
| **जम्मा रु.** | | | | | ९४०९२९ |

६३ **उपभोक्ता समितिले दर्तावाल फर्मसँग गैर-बिजक कारोबार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसके पछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय बमोजिमका नमुना छनौटमा परेका उपभोक्ता समितिसँग कार्य गराउँदा उक्त समितिहरुले दर्तावाल फर्मसँग ढुंगा, गिट्टी तथा बालुवा खरिद र ढुवानी वापतको बिजक जारी नगरी कारोबार गरेको भरपाईको आधारमा भुक्तानी दिएको पाईएकोले कर बिजक पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति | सप्लायर्सको नाम र कर दर्ता नं. | भुक्तानी गरेको रकम |
|---|---|---|---|
| ४६८-०८१।३।१६ | गणशाला भगवती देखि स्वामीको रुखसम्म मोटरबाटो स्तरोन्नति | न्यु रानाभाट सप्लायर्स (६१४८१०८१७) | ४,२९,००० |
| ३६४-०८१।२।२७ | गोर्खेकोट खेलमैदान स्तरोन्नति | साथीभाई सप्लायर्स(६१४१४७४८५) | २,२५,००० |
| ११५-०८०।१०।९ | जैसी चौपारी देखि ब्यारेकगेट सम्मको बाटो | ईभान सप्लायर्स (६०८७४४०९४) | २,४९,४०० |
| ३३२-०८१।२।१४ | नयाँगाँउ क्रियापुत्री टहरोबाटो प्रतिक्षालय निर्माण | न्यु रानाभाट सप्लायर्स (६१४८१०८१७) | ६,००,००० |
| २७३-०८०।१२।२८ | पाडेखर्क भिर संरक्षण वाल निर्माण तथा पक्की नाली निर्माण | धनमाया सप्लायर्स (६०३७५१०९३)<br>Xylem Construction (६१००९८९३८) | २,३४,१६८<br>४२,००० |
| १६५-०८०।१०।२४ | नेटा पोखरा आमडाँडा हुँदै अबल जोड्ने बाटो | घिमिरे सप्लायर्स (६१३८३५७२५) | ४,४८,२०० |
| ६-०८०।११।८ | लालीगुरास चोकदेखि कलधारा सडक | न्यु बगनासदेवी स्टोर्स (११९४९१२८५) | ७,९६,००० |
| २८-०८०।१२।२६ | लाँलीगुरास चोक देखि चण्डिस्थान सडक | न्यु बगनासदेवी स्टोर्स (११९४९१२८५) | १०,३३,००० |
| २४-०८१।३।१५ | अमर प्रा.वि. कालिका मन्दिर मोटरबाटो | भुषाल टेक्ट्रर सप्लायर्स | २,९१,५०० |
| ३६-०८१।३।२० | फुलबारी दरबार रिसोर्ट चिसापानी मोटरबाटो | सकुशल विकास कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १,४३,००० |
| **जम्मा रु.** | | | ४४,९१,२६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,९१,२६८ |

## ६४ उपभोक्ता समितिबाट कार्यालय भवन निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको ज्ञान सीप तथा श्रमको प्रयोग हुने तथा समितिलाई हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट गर्न पाउने व्यवस्था छ। यस पालिकाले देहाय अनुसार उपभोक्ता समितिलाई हस्तान्तरण नहुने सार्वजनिक निकायको संरचना सुधार तथा निर्माण सम्बन्धी कार्य गरेको देखिन्छ। उपभोक्ता समितिको स्वामित्वमा नरहने सार्वजनिक निकायको संरचना निर्माण तथा सुधार कार्य प्रतिस्पर्धाका आधारमा छनौट गरी गर्नुपर्ने देखिन्छ।

| भौचर | मिति | उपभोक्ता समिति तथा कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| ५६९ | ०८१।०३।२३ | तानसेन नगरपालिका ५ नं वडा कार्यालय भवन तथा ट्रस निर्माण | ८,३९,७४१ |
| २२६ | ०८०।११।२१ | वडा नं १० वडा कार्यालय मर्मत उ.स. | ५,००,००० |
| २९९ | ०८१।०१।१७ | स्वास्थ्य चौकी मर्मत कार्य वडा नं ५ | २,९२,५०० |
| **जम्मा रु.** | | | १६,३२,२४१ |

## ६५ बगाले खेल मैदान

### ६५.१ लागत साझेदारी :

तानसेन नगरपालिका र संघीय सरकार बीच भएको सम्झौता बमोजिम पालिका महत्वको खेल मैदान निर्माणको लागि नगरपालिकाको ६० प्रतिशत र संघीय सरकारको ४० प्रतिशत लागत साझेदारी हुनेगरी सम्झौता भएको पाइयो। नगरखेल मैदान निर्माणमा देहाय बमोजिम खर्च गरेकोले संघीय सरकारको बढी सहभागिता हुनेगरी खर्च लेखेको संघीय सरकार फिर्ता गर्नुपर्ने रु.

| आर्थिक वर्ष | खर्च | पालिका | संघीय सरकार | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| २०७८।०७९ | ६१४३७४२ | ८२८३३३ | ५३१५४३९ | भगवती निर्माण |
| २०७९।८० | ४८३४९५१ | ० | ४८३४९५१ | नविन शिव जेभी |
| २०८०।०८१ | १४३४८२९१ | १४३४८२९१ | ० | नविन शिव जेभी |
| जम्मा | २५३२७०१४ | १५१५६६२४ | १०१५०३९० | |

माथिको तालिका बमोजिम मुल खर्च रु. २५३२७०१४ को ४० प्रतिशत अनुपातको हुने रु १०१३०८०५.६० खर्च गरी निकासा भएको रु १,८०,००,००० बाँकी रु ७८६९९१४.४० खर्च नभई बाँकी र अनुपात भन्दा वढी निकासा र खर्च संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,६९,९१४ |

६५.२ नविन शिव जे.भी.बाट गराई रु. ६८३६१३० मू..अकर र पिएस बाहेक भुक्तानी गरेको पाईयो। सम्झौताको शर्त ८२ बमोजिम फाइल साथ स्थानीय निर्माण सामाग्री आपूर्तीको वील र क्रसर मेटेरियल एकीन हुने अवस्था नभएकोले ढुङ्गा गीटी वालुवाको प्राप्तिको स्रोत एकीन गर्नुपर्ने र क्रसरबाट निर्माण भएको निर्माण सामान प्रयोग भएको वालुवा गीटी ढुङ्गाको साइड वा स्रोत एकीन भएको विवरण पेश गरी सोलिङ्, प्लम्प कङ्क्रिट र कङ्क्रिट कार्यको ढुङ्गा गिटी वालुवाको दर विश्लेषण अनुरुप हुने १५१२.४६ घनमिटरको प्रतिघनमि २४० को दरले हुने रु ३,६२,९७६ दाखिला गरेको एकिन गर्नुपर्दछ।

## ६६ दुइ सय मेट्रिकटन क्षमताको भैरबटार कोल्डस्टोर निर्माण रुग्ण आयोजना

कोल्डस्टोर निर्माण गर्न रु. ४२७३५००९ मू.अ.कर पिस बाहेकको लागत अनुमान तयार गरी ठेक्का २।०६९।०७० बाट प्रतिष्पर्धा गराउदा रु. ४२६७३०५१ को हिमढुङ्गा एण्ड ठेकेदार जयकाली जे भी धापासी काठमाण्डौंको कवोल स्वीकार गरी मिति २०७१।२।२३ वा १ वर्ष ३ महिनामा सम्पन्न गर्ने गरी मिति २०६९।११।२३ मा सम्झौता गरी कार्य शुरु गरेको पाईयो। पन्ध्र महिनामा सम्पन्न गर्नुपर्ने कार्य ठेक्का १० वर्ष ६ महिना अर्थात २०८१।८।२५ सम्म अधुरो देखिन्छ। वि.स. २०७१।२।२३ देखि २०८० आषाढ मसान्तसम्म विभिन्न कारणले म्यादथप गर्दै आएकोमा चौथो बीलसम्म रु. १००२३८९५ मिति २०७४।१२।४ सम्मको चौथो बीलसम्मको प्रगती देखिन्छ। निर्माण कार्यको प्रगति विवरण र कार्यढिलाइको अभिलेख र निर्माण सक्रियताको लागि कार्यालयको अभिलेख स्पष्ट देखिदैन। लामो समयसम्म पनि ठेक्का तोडेर ठेकेदारलाई कालोसूचीमा राख्न पठाउने र कामको वैकल्पिक व्यवस्था गरेको देखिएन। साथै प.सं. २१२३ मिति २०७५।१०।२१ पत्रबाट पूर्वनिर्धारित क्षतिपूर्ति हुने रु ४८२२०५५(भ्याट सहितको) पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेको नदेखिएकाले व्याज समेत शत प्रतिशत असुल गरी निर्माण सम्पन्न गराउनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,४४,१०९ |

## ६७ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले दिएको तथा सुत्र विवरण अनुसार जम्मा पेश्की रु. ९,०४,०५,९२० रहेकोमा निम्नानुसार म्याद नाघेको पेश्की रु. ६४,९७,७४४ फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु...

| नाम | कार्यक्रम | पेश्की रु |
|---|---|---|
| दमकडा मा वि | ल्याव व्यवस्थापन अनुदान | ३५,००,००० |
| साइन कन्ष्ट्रक्सन प्रा ली | सडक निर्माण | ११,४६,५३४ |
| सिव इन्स्चिट्युट अफ मल्टीटेक्निकल प्रा ली | तालिम संचालन | २,७५,२८६ |
| तल्लो कुलो छेलुङ्ग मर्मत उ स | मर्मत संभार | ३,१३,५०० |
| भवती टोल चौकी देखि चण्डी टोल उ स | सडक निर्माण | ३,९०,००० |
| गोपाल रन्जन | स्वास्थ्य सिभिर | ५०,००० |
| कर्माचार्य कन्ट्रक्सन | नगरपालिका सभाहल मर्मत | २,२२,४२४ |
| पारस निर्माण सेवा | औधोगिकग्राम निर्माण | ६,००,००० |
| जम्मा रु | | ६४,९७,७४४ |

| | |
|---|---|
| पेश्की | ६४,९७,७४४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तानसेन नगरपालिका, पाल्पा , तानसेन नगरपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पिताम्बर पाण्डे | २०७७-१०-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हरिराम नागिला | २०८०-१२-५ | २०८१-९-१८ |
| लेखा प्रमुख | कोशलराज घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११,३५१,०६४ | १८,८३७,९३२ | १२,९०१,०३५ | ० | ० | ६,४९७,७४४ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४९,५८७,७७५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४९,५८७,७७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १३४६६१९७४.३१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६३७२७२५४४ | चालु खर्च | ५४६४३५३१९.९६ |
| प्रदेश सरकारबाट अनुदान | ३६०८३५७५.९२ | पूँजीगत खर्च | ३१८२५७५२८.८५ |
| राजश्व बाँडफाँट | १६३२४००७५.०८ | वित्तीय/अन्य व्यवस्था | २०७६१२४७७.२५ |
| आन्तरिक आय | ४८४६५८८६.८२ | | |
| अन्य आय | २०८५२८९१४.७ | | |
| कुल आय | १०९३५९०९९६.५२ | कुल खर्च | १०७२३०५३२६.०६ |
| बाँकी मौज्दात | | १५५९४७६४४.७७ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै, निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। सार्वजनिक पूर्वाधारको निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी/घटी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, बर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकिन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ